# सार्वजनिक तुईन प्रतिस्थापन कार्यबिधी - २०७३

## १. पृष्ठभूमि

नदि नाला, खोला, खोल्साको किनारामा उल्लेख्य संख्यामा रही परम्परागत खेती प्रणाली अपनाई बसोबास गर्दै आइरहेका जनताहरुको जीविकोपार्जन तथा दैनिक जीवनका क्रियाकलाप एवं शिक्षा स्वास्थ्य जस्ता आधारभुत सेवामा पहुँचका लागि त्यस्ता नदिनाला, खोला, खोल्सीहरु परम्परागत रुपमा जीवनको जोखिम उठाई तरीतराउ गर्नुपर्ने वाध्यतात्मक अवस्था रहेको छ । झोलुङ्गे पुल निर्माण गर्ने निकायमा सर्वसाधारण जनताको पहुँचको अभाव, स्रोत साधनको अपर्याप्तता, कठिन भु-बनोट इत्यादि कारणहरुबाट झोलुङ्गे पुल सबै स्थानमा बन्न नसकेको हुँदा स्थानीयस्तरमा जोखिम मोलेर डुगां ,टयूब तथा सार्वजनिक तुईनको माध्यमबाट नदिनाला, खोलानाला, खोल्सी तरीतराउ गर्ने प्रचलन रहेको छ, जसको प्रयोगबाट वार्षिक रुपमा धेरै सर्वसाधारण जनताहरुको अंगभंग हुने, दुर्घटना हुने तथा ज्यान समेत जाने गरेको छ । असुरक्षित तथा जोखिमपूर्ण सार्वजनिक तुईनको स्थानीय यातायातको विकल्पमा झोलुङ्गे पुलको निर्माण गरी स्थानीय स्तरमा जनतालाई सुरक्षित, भरपर्दो र स्तरीय तरीतराउबाट स्थानीय यातायात सेवा उपलब्ध गराउने अभिप्रायले नेपाल सरकारले मिति २०७२/६/२५ मा सार्वजनिक तुईनलाई झोलुङ्गे पुलले दुई वर्ष भित्र प्रतिस्थापन गर्ने निर्णय गरेको छ ।

सार्वजनिक तुईन निमार्ण कार्यलाई नियमन गर्ने नीति तथा प्राविधिक मापदण्ड हालसम्म पनि उपलब्ध नरहेको र सार्वजनिक तुईन निमार्ण कार्य भई नै रहेकोले नेपाल सरकारले निर्माण भइसकेका जोखिमपूर्ण सार्वजनिक तुईनको प्रतिस्थापनाको लागि झोलुङ्गे पुलको निमार्ण गर्न तथा सार्वजनिक तुईनको नयाँ निर्माणमा प्रतिबन्ध लगाउन र यस सम्बन्धमा सरोकारवालाहरुलाई जानकारी एंव सु-सुचित गराउन आवश्यक देखिएको छ ।

## २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा सार्वजनिक तुईन प्रतिस्थापनामा निम्न लिखित शब्दहरुले निम्न लिखित अर्थ जनाउनेछन् ।

क) सार्वजनिक तुईन भन्नाले त्यस्तो संरचना जसको निर्माणमा एउटै लट्ठाको प्रयोग गरिएको हुन्छ र सो लट्ठालाई नदी/खोला/खोल्साको दुवै किनारमा काठको खम्बा अथवा सिमेन्टबाट निर्मित टावर अथवा रुख आदिमा बाँधी फलामे टोकरी वा काठको प्लेटफर्म वा घिर्लिङ्गको प्रयोग गरी लट्ठाको माध्यमबाट खोला तर्ने गरिन्छ । यस्तो सार्वजनिक तुइन खोला तर्न, मालसामान र जनावर ओसारपसार गर्न समेत प्रयोग गरिन्छ ।

ख) सुधारिएको सार्वजनिक तुईन भन्नाले सम्बन्धित निकायबाट इन्जिनियरिङ्ग डिजाइन स्वीकृत भई निमार्ण गरिएका सार्वजनिक तुइनलाई जनाउछ ।

ग) स्थानीय निकाय भन्नाले स्थानीय स्वायत्त शासन ऐन २०५५ ले निर्दिष्ट गरेका जिल्ला विकास समिति, नगरपालिका र गाउँ विकास समितिलाई जनाउँछ ।

## ३. उद्धेश्य

सार्वजनिक तुईनको प्रतिस्थापन गरी झोलुङ्गे पुल निर्माण, संचालनबाट स्थानीय जनताहरुलाई सुरक्षित र भरपर्दो यातायातको सुविधा उपलब्ध गराई आवत जावत सहज बनाउने मूख्य उद्देश्य रहेको छ । यस कार्यक्रमको अन्य उद्देश्य निम्नानुसार रहेको छ ।

क) सार्वजनिक तुईनलाई झोलुङ्गे पुलले प्रतिस्थापन गरी सुरक्षित, स्तरीय र भरपर्दो स्थानीय यातायात झोलुङ्गे पुलको निर्माण तथा संचालनबाट स्थानीय जनता विशेष गरेर महिला, दलित, जनजाति, उत्पीडित एवं उपेक्षित वर्गको सामाजिक एवं आधारभुत सेवा,आर्थिक अवसर तथा श्रोतको पहुँचमा अभिवृद्धि भई गरिबी निवारणमा टेवा पुऱ्याउने ।

ख) नदि, खोलानाला, खोल्सी तर्न सुरक्षित तथा भरपर्दो यातायातको सुविधा उपलब्ध गराई हाट/बजार, शिक्षा बिद्यालय, स्वास्थ्य संस्था, प्रशासनिक केन्द्र, सामाजिक केन्द्र, सांस्कृतिक केन्द्र तथा आर्थिक केन्द्रसंग पहुँचको अभिबृद्धि गर्ने ।

ग) स्थानीय स्तरमा ज्ञान, सीपको अभिवृद्धी गरी रोजगारी श्रृजना गर्ने ।

**४. तुईन प्रतिस्थापन प्रक्रीया :**

**४.१ झोलुङ्गे पुलको निर्माण सम्पन्न हुनासाथ सार्वजनिक तुईनलाई विस्थापित गर्ने वा हटाउने**

४.१.१ जिल्ला बिकास समितीले झोलुङ्गे पुल सहयोग ईकाईको सहयोगमा सार्वजनिक तुईनको अभिलेख तयार गरी सार्वजनिक तुईनलाई विस्थापित गर्नको लागि सार्वजनिक तुईन रहेको स्थलको सम्भाव्यता अध्ययन गर्नेछ ।

४.१.२ जिल्ला विकास समितीले सम्भाव्यता अध्ययनको आधारमा केन्द्रबाट प्राप्त श्रोत अनुसार झोलुङ्गे पुल निर्माणको लागि झोलुङ्गे पुलहरुको विस्तृत सर्भेक्षण,डिजाईन,लागत अनुमान तयार गरी निर्माण गर्नेछ र लामोतरिको झोलुङ्गे पुलको हकमा जिल्ला बिकास समितीको क्षमताले नभ्याउने भएमा स्थानीय पुर्वाधार बिकास तथा कृषि सडक बिभाग (डोलिडार) अर्न्तगतको सस्पेन्सन बृज डिभिजनको कार्यक्रममा समावेश गराई झोलुङ्गे पुल निर्माण कार्य अगाडि बढाउनेछ ।

४.१.३ सस्पेन्सन बृज डिभिजनले सार्वजनिक तुईन प्रतिस्थापन गरी झोलुङ्गे पुल निर्माण गर्ने कार्यक्रमको केन्द्रिय समन्वय ईकाइको रुपमा कार्य गर्नेछ ।

**४.२ प्रयोगमा नरहेका र अनावश्यक सार्वजनिक तुइन हटाउने**

४.२.१ झोलुङ्गे पुलले प्रतिस्थापन गरेका र प्रयोगमा नरहेका सार्बजनिक तुईन जिल्ला विकास समितीको निर्णय अनुसार स्थानीय निकायले तत्काल हटाउनु पर्ने छ र सो कार्यका लागि स्थानिय निकायलाई आवश्यक परेमा स्थानीय प्रशासनको सहयोग लिन सकिने छ । त्यसरी हटाईएका तुईनमा प्रयोग भएका सामानहरुको भण्डारण/बिक्री बितरण/लिलाम लगायतका गर्नुपर्ने कार्यको जिम्मेवारी सम्बन्धित स्थानीय निकायको हुनेछ ।

**४.३ बिशेष प्रयोजनको लागि बाहेक सार्वजनिक तुइनको नयाँ निर्माण कार्य प्रतिबन्धित गर्ने**

४.३.१ स्थानीय निकायले सार्वजनिक तुईनको नयाँ निर्माण कार्यलाई तत्काल प्रतिबन्धित गर्न सार्वजनिक सूचना जारी गर्नुपर्ने छ । सार्वजनिक तुईनको नयाँ निमार्ण कार्यलाई गैरकानूनी कार्य मानिनेछ ।

**४.४ व्यक्तिगत तुईन निर्माण सम्बन्धि बिशेष व्यवस्था गर्ने**

४.४.१ कसैले व्यक्तिगत प्रयोजन वा बिशेष प्रयोजनको लागि व्यक्तिगत रुपमा तुईन बनाउनु परेमा जिल्ला बिकास समिती / जिल्ला प्राबिधिक कार्यालयबाट तोकिएको मापदण्ड अनुसारको (बाकस आकारको) हुने गरी स्वीकृती

लिएर मात्र बनाउन सकिने छ । स्वीकृत मापदण्ड पालना नभई बनेका तुईनलाई स्थानीय निकायले तत्काल भत्काउने छ । व्यक्तिगत तुईनहरु  सामान वसार पसार गर्न मात्र प्रयोग गर्नु पर्नेछ ।

४.४.२ व्यक्तिगत तुईन निर्माणमा सरकारी बजेट खर्च गर्न पाईने छैन ।

४.४.३ व्यक्तिगत तुईन प्रयोग गर्दा हुन जाने दुर्घटना सम्बन्धमा सम्बन्धित तुईन निर्माण गर्ने व्यक्ति नै सम्पुर्ण रुपमा जिम्मेवार र जबाफदेही हुनु पर्ने छ ।